माननीय प्रदेश प्रमुख देवराज जोशीबाट सुदूरपश्चिम प्रदेश सभामा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को

# नीति तथा कार्यक्रम

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

धनगढी, कैलाली

**माननीय सभामुख महोदय,**

**माननीय सदस्यहरु,**

१. ऐतिहासिक संविधान सभाबाट जारी नेपालको संविधानले व्यवस्था गरेको संघीय शासन प्रणाली बमोजिम प्रदेश सभाको पहिलो निर्वाचन भई प्रदेश सरकार गठन भएको चार वर्ष पुरा भएको छ । यस अवधिमा सरकारले हासिल गरेको उपलव्धीलाई संस्थागत गर्दै प्रदेशको विकास र समृद्धिको यात्रालाई निरन्तरता दिने गरी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु।

२. मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रूपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते तथा वेपत्ता नागरिकलाई उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु।

३. स्थानीय तहको निर्वाचनबाट नवनिर्वाचित पदाधिकारीलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । प्रदेश सरकार विगतमा झैं स्थानीय तहसँगको समन्वय, सहकार्य र सहअस्तित्वको माध्यमबाट समग्र प्रदेशको विकासमा दत्तचित्त भएर लाग्ने विश्वास दिलाउँदै स्थानीय तहका तर्फबाट पनि सोही बमोजिमको अपेक्षा गर्दछु ।

४. कोरोना महामारीको प्रभाव सामान्यीकरण हुँदै गएको अवस्थामा यस महामारीले विगतमा आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभावलाई पुनर्स्थापित गर्ने दिशामा यो नीति तथा कार्यक्रम परिलक्षित रहेको छ ।

५. नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिवद्धता, दिगो विकास लक्ष्य, पन्ध्रौं पञ्चवर्षीय योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारका विगतका नीति तथा कार्यक्रम र हालसम्म प्राप्त उपलव्धी तथा अनुभव, प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, श्रोत साधनको उपलव्धता, प्रदेशको आवश्यकता एवं नागरिकको माग र चाहनालाई मध्यनजर गर्दै प्रदेश सरकारले यो नीति तथा कार्यक्रम तयार गरेको छ।

**माननीय सभामुख,**

**अब, म आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धी संक्षेपमा उल्लेख गर्न चाहन्छु।**

६. योजनावद्ध, नतिजामुखी र गुणस्तरीय विकास आयोजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनको सुनिश्चितताको लागि प्रथम पञ्चवर्षीय योजनाको आधार पत्र, योजना तर्जुमा दिग्दर्शन र अनुगमन तथा मूल्याङ्कन निर्देशिका कार्यान्वयनमा ल्याइएको छ। प्रदेशको वस्तुस्थिति विवरण तयार गरिएको छ ।

७. प्रदेश लोकसेवा आयोगबाट प्रदेश सेवा र स्थानीय सेवाका रिक्त पदमा पदपूर्तिको प्रक्रिया शुरू गरिएको छ ।

८. प्रदेश विश्वविद्यालय स्थापनाको लागि सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ।

९. प्रदेश सरकारका कानून लगायतका सरकारी दस्तावेज प्रकाशनका लागि प्रेस स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

१०. डोटी र डडेलधुरामा रहेका यातायात सेवा कार्यालयको स्तरोन्नति गरी सवारी चालक अनुमतिपत्र वितरण समेतको कार्य प्रारम्भ गरिएको छ ।

११. मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास र बालीको चक्लाबन्दी कार्यक्रमबाट १८ हजार ५ सय मेट्रिक टन आलु,

४२ हजार ५ सय  मेट्रिक टन ताजा तरकारी, ६ सय मेट्रिक टन फलफूल तथा १६ मेट्रिक टन मासु उत्पादन भएको छ। साना सिँचाई कार्यक्रमबाट करिव ५ सय हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा थप भई बाली सघनता बढ्नुका साथै हिउँदे बाली उत्पादनमा औसत १५ प्रतिशत बृद्धि भएको छ। कैलाली र कंचनपुर जिल्लामा लगभग २ हजार हेक्टरमा व्यावसायिक केरा खेती भई प्रदेशको कुल मागको ७० प्रतिशत आपूर्ति भइरहेको छ।

१२. करिब २ हजार ३ सय मेट्रिक टन सिंगल सुपर फोस्फेट र एमोनियम सल्फेट मलमा अनुदान दिईएको छ । कृषि कर्जा व्याज, विद्युत र भन्सार महशुलमा अनुदान कार्यक्रम मार्फत हालसम्म १ सय ४५ जना लाभान्वित भएका छन् । बाली तथा पशुपन्छी बिमा प्रिमियम अनुदान कार्यक्रमबाट २ सय समुह, फर्म र उद्यमीहरू लाभान्वित भएका छन् ।

१३. खाद्यबालीको बीउको श्रोत केन्द्र ४२ वटा स्थानीय तहमा स्थापना भई धान र गहुँको बीउमा प्रदेश आत्मनिर्भर हुनुका साथै रैथाने बीउको संरक्षणका लागि ४ वटा बीउ बैंक सञ्चालनमा रहेका छन्। मध्य पहाडका १२ वटा खेतीयोग्य फाँटमा सघन रुपमा खाद्यान्न बाली उत्पादन विस्तार भई कुल १५ हजार मेट्रिक टन खाद्यान्न उत्पादन बृद्धि भएको छ ।

१४. तरल नाईट्रोजन प्लान्ट स्थापनाका लागि विस्तृत आयोजना प्रतिवेदन र सम्भाव्यता अध्ययन गरिएको छ । कैलालीको टिकापुरमा भैंसीको आनुवांशिक स्रोत केन्द्र स्थापनाको कार्य अन्तिम चरणमा पुगेको छ ।

१५. विभिन्न जिल्लाका ३ सय ३८ स्थानमा धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय पूर्वाधार तथा ६० वटा पदमार्ग, २७ वटा पर्यटकीय पार्क र ४ वटा वृत्तचित्र निर्माण भएका छन् ।

१६. विभिन्न २३ स्थानमा रिचार्ज पोखरी निर्माण, ४४ स्थानमा पानी मुहान संरक्षण, १ सय १६ स्थानमा पहिरो नियन्त्रण र १ सय ४९ जोखिमयुक्त स्थानमा नदी नियन्त्रण तथा तटबन्ध निर्माण गरिएको छ ।

१७. पर्यापर्यटन प्रवर्द्धनका लागि घोडाघोडी क्षेत्रलाई **पन्छी अभयारण्य क्षेत्र** घोषणा गर्नुका साथै घोडाघोडी तालक्षेत्र नजिकै पर्यटकीय पार्क निर्माण भैरहेको छ । २५ वटा सिमसार क्षेत्रको व्यवस्थापन गरिएको छ ।

१८. प्रदेश स्वास्थ्य नीति तर्जुमा गरिएको छ । सेती, महाकाली र टिकापुर अस्पतालमा ३५ आइ.सि.यू. शैय्या थप गरिएको र १८ वटा डायलाइसिस मेसिन खरिद गरी डायलाइसिस सेवा सञ्चालनको क्रममा रहेको छ। महाकाली र टिकापुर अस्पतालमा भवन निर्माण गरी १ सय शैय्या थप गरिएको छ । प्रदेश जनस्वास्थ्य प्रयोगशालामा मोलिक्युलर सेटअप तथा सेती प्रादेशिक अस्पतालमा सि.टि.स्क्यान, एम.आर.आई. र सुविधायुक्त एम्वुलेन्स सेवा चालु आर्थिक वर्षमा सञ्चालनमा ल्याइनेछ । सेती र महाकाली प्रादेशिक अस्पतालबाट टेलिमेडिसिन सेवा सञ्चालनको लागि आवश्यक पूर्वाधार तयार गरिएको छ ।

१९. कोरोना महामारीको संक्रमण रोकथामको लागि नियमित खोप सञ्चालन भईरहेको छ। हालसम्म ७७ प्रतिशत नागरिकलाई पूर्ण मात्राको खोप दिइएको छ । नियमित खोप कार्यक्रम मार्फत करिव ४० हजार बालबालिकालाई पूर्ण खोप प्रदान गरिएको छ।

२०. १ सय ९३ विद्यालय भवन, १९ छात्रावास भवन र ३४ खेल मैदान निर्माण गरिएका छन्। ३० विज्ञान प्रयोगशाला, २ सय ४५ सूचना प्रविधि प्रयोगशाला र १० पुस्तकालयको स्थापना तथा सुदृढीकरण गरिएको छ। एम.वि.वि.एस. अध्ययनका लागि ९ जनालाई छात्रवृत्ति प्रदान गरिएको छ ।

२१. पहिरोबाट विस्थापित परिवारलाई १७ घर र जनता आवास कार्यक्रम अन्तर्गत ३ सय ८२ घर निर्माण सम्पन्न गरी हस्तान्तरण गरिएको छ । लक्षित वर्गका लागि ५७ वटा घर निर्माणाधीन छन् ।

२२. करिब ४३ हजार ५ सय नागरिक स्वच्छ खानेपानीको सेवाबाट लाभान्वित भएका छन्। थप ४ सय १३ हेक्टर जमिन सिंचित भएको छ। नदी नियन्त्रण कार्यबाट १ सय ९५ हेक्टर जमिन उकास भएको छ ।

२३. सोलार मिनिग्रिडबाट ५५ किलोवाट विद्युत उत्पादन भई जडानको कार्य भईरहेको र २ सय २५ किलोवाटको लागि अध्ययन सम्पन्न भएको छ ।

२४. १ सय ५४ किलोमिटर पक्की, १ सय ९२ किलोमिटर खण्डास्मित र ७१ किलोमिटर माटे सडक तथा ९ वटा पक्की र ३ वटा झोलुङ्गे पुल निर्माण गरिएको छ ।

**माननीय सभामुख,**

**अब, म आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

२५. प्रथम पञ्चवर्षीय योजनाको आधारपत्रले तय गरेका विकासका प्राथमिकताका आधारमा दिगो विकास लक्ष्य र विकासशील राष्ट्रमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्य हाँसिल गर्न सहयोग पुग्ने गरी प्रादेशिक विकासका योजनामा बजेट विनियोजन गरिनेछ । वार्षिक बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी, दिगो विकास लक्ष्य र जलबायु अनुकूलन सम्वन्धी बजेट कोड अवलम्बन गरिनेछ ।

२६. हाल सञ्चालनमा रहेका प्रदेश गौरवका आयोजना तथा बहुवर्षीय, क्रमागत र अधुरा आयोजना सम्पन्न गर्ने गरी बजेट विनियोजनमा प्राथमिकता दिइनेछ ।

२७. "आत्मनिर्भर अर्थतन्त्र हाम्रो चाहना, समृद्ध प्रदेश हामी सबैको कामना" भन्ने नाराका साथ आर्थिक विकास र गरिबी निवारणमा योगदान पुऱ्याउन उद्यम विकास, रोजगार एवं स्वरोजगारमूलक कार्यक्रम, औद्योगिक जनशक्ति उत्पादन र क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

२८. प्रादेशिक अर्थतन्त्रको सवलीकरणका लागि स्वदेशी तथा विदेशी लगानी भित्र्याउन आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी लगानीमैत्री वातावरण सिर्जना गरिनेछ। प्रदेशमा लगानीकर्तालाई आकर्षित गर्न लगानी सम्मेलनको आयोजना गरिनेछ ।

२९. अर्थतन्त्रमा देखा परेको चुनौतीलाई सामना गर्न प्रदेश सरकारको पूँजीगत खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै चालु खर्चतर्फको बढ्दो चापलाई न्यूनीकरण गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिनेछ । अति आवश्यक बाहेक नयाँ सवारी साधन खरिद गरिने छैन।

३०. कार्यान्वयनयोग्य, पर्याप्त रोजगारी सिर्जना गर्ने, नागरिकको जीवनस्तरमा सुधार ल्याउने प्रादेशिक गौरव, रणनैतिक महत्व एवं रूपान्तरणकारी आयोजनाको सम्भाव्यता अध्ययन गरी आयोजना बैङ्कमा सूचिकृत गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ।

३१. बैङ्क तथा वित्तीय संस्थाले प्रदान गर्ने वित्तीय सेवामा आम नागरिकको पहुँच अभिबृद्धि गर्न र विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न वित्तीय साक्षरता, अभिमुखीकरण एवं क्षमता अभिबृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. एकल खाता कोष प्रणाली, कम्प्युटरीकृत सरकारी लेखा प्रणाली र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई नेपाल सरकारसँगको समन्वयमा सबल र व्यवस्थित बनाईनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाई वित्तीय

सुशासन कायम गर्न ठूला प्रादेशिक आयोजनाको विस्तृत आन्तरिक लेखापरीक्षण गर्ने कार्यको थालनी गरिनेछ ।

३३. प्रदेशको राजस्व संकलन, परिचालन, वित्त व्यवस्थापन तथा प्रदेश र स्थानीय तहबीचको राजस्व बाँडफाँटलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहकार्य गरिनेछ । आन्तरिक राजस्व अभिवृद्धिका लागि करको दायरा बिस्तार एवं करका विद्यमान दरलाई समय सापेक्ष बनाइनेछ । राजस्व परिचालनका क्षेत्र पहिचान गरी आन्तरिक आयलाई थप सुदृढ बनाउन राजस्व नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

३४. वैदेशिक रोजगारबाट फर्किएका, द्वन्द्व प्रभावित, अपाङ्ग, घाइते, शहीद परिवार, एकल महिला, मुक्त कमैया, कमलरी, हलिया, दलित, बादी, राजी, राउटे, गरिबीको रेखामुनि रहेका वर्ग र समुदायका स्वरोजगार बन्न चाहने युवायुवतीलाई सीपमूलक तालिम तथा सहुलियत व्याजदरमा कर्जा प्रदान गरिनेछ।

**माननीय सभामुख,**

३५. "प्रदेश सरकार, कृषकको अभिभावक" भन्ने नाराका साथ कृषि उपजको उत्पादन लागत तथा जोखिम घटाउन कृषकलाई यन्त्र उपकरण, उन्नत बीउ, बेर्ना, नश्ल, मलखाद, सिंचाई, नविनतम प्रविधि, तालिम, प्राविधिक सहयोग, बाली तथा पशु बिमाको प्रिमियम शुल्क, कृषि ऋणको व्याज, विद्युत महशुल र भन्सार महशुलमा अनुदानको व्यवस्था गरी सहज र सर्वसुलभ रुपमा उपलब्ध गराईनेछ ।

३६. कृषकको साथी मोवाइल एप, कृषि क्लिनिक र कृषि एम्वुलेन्स जस्ता नविनतम अवधारणाको माध्यमबाट कृषि उत्पादन बृद्धि गरिनेछ ।

३७. कृषिजन्य वस्तुको आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गराउन कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम प्राथमिकतामा राखी सञ्चालन गरिनेछ ।

मसिनो धान, केरा, आलु, तरकारी, स्याउ, ओखर, माछा, मासु र दुधमा आत्मनिर्भर हुन सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ। प्रतिफल र उत्पादनमा आधारित प्रोत्साहन अनुदान दिइनेछ।

३८. धान मिल मोडलमा मसिनो, बास्नादार र चैते धानको क्षेत्र विस्तार तथा उत्पादन बृद्धि कार्यक्रम सञ्चालन गरी आधुनिक विधिबाट सुकाउने र तोकिएको न्यूनतम समर्थन मूल्यमा खरिद गर्ने व्यवस्था मिलाईनेछ । भण्डारणका लागि गोदामघर निर्माण गरिनेछ।

३९. "आजको लगानी बोट, भोलिको प्रतिफल नोट" भन्ने नाराका साथ फलफूल बगैंचा स्थापना र फलफूल विरुवा रोपण अभियान कार्यक्रम सञ्चालन गरी विरुवा स्याहार वापत किसानलाई प्रोत्साहन दिने कार्यक्रमलाई विस्तार गरिनेछ । प्रमुख राजमार्ग, सहायक राजमार्ग, हुलाकी सडक र अन्य स्थानीय सडक आसपासका क्षेत्रमा व्यावसायिक खाद्यान्न, फलफूल र उच्च मूल्यका वस्तुको खेती गर्न प्रोत्साहन गरिनेछ।

४०. "आफूलाई चाहिने बीउ, आफैं उत्पादन गरौं" भन्ने नाराका साथ बीउमा आत्मनिर्भर हुन धान, मकै र गहुँजस्ता प्रमुख खाद्यान्न बाली एवं दाल, तरकारी, घाँस आदिको बीउ विजन उत्पादन, प्रशोधन र बजारीकरण गरिनेछ । निजी क्षेत्रको सहकार्यमा कृषि तथा पशुपन्छी स्रोत केन्द्र स्थापना र स्तरोन्नतिको कार्य अघि बढाइनेछ ।

४१. "मेरो उत्पादन, प्रदेशको पहिचान" भन्ने नाराका साथ प्रदेशमा उत्पादित प्रमुख वाली वस्तुको कृषि मूल्य श्रृङ्खला विकास गर्दै प्रदेश वा जिल्लाको पहिचान दिई ब्राण्डिङ्ग सहित बजारीकरणलाई प्रवर्द्धन गर्न कोशेली घर, सहकारी पसल, कोल्डस्टोर सहितको कृषि हाट बजार, संकलन केन्द्र, प्रशोधन केन्द्र, भण्डार गृह, दाना उद्योग, ह्याचरी निर्माण कार्यक्रमलाई

स्थानीय तह, सहकारी र निजी क्षेत्रको सहकार्य र साझेदारीमा सञ्चालन गरिनेछ ।

४२. "नमुना कृषि गाउँ, आफै बनाउँ" भन्ने नाराका साथ सञ्चालन गरिएको मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम, जलवायु मैत्री नमुना कृषि गाउँ कार्यक्रम र प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमलाई विस्तार गरी थप प्रभावकारी बनाइनेछ ।

४३. "किसान हुनुमा मलाई गर्व छ" भन्ने नाराका साथ उत्कृष्ट कृषकलाई भिमदत्त पुरस्कारबाट सम्मानित गरिनेछ ।

४४. खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धन गर्न पोषण तथा खाद्य सुरक्षा सम्बन्धी नीति तर्जुमा गरिनेछ । संघीय नीतिबमोजिम पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ । रैथाने बालीको उत्पादन तथा स्थानीय कुखुरा, बट्टाई र कालिजजस्ता पन्छी पालनमा सहयोग गरिनेछ । पशुपन्छीको दानामा प्रयोग भइरहेको मकै र भटमासको आयात प्रतिस्थापन गर्न "फिड मिल मोडल" मा उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। पशु आहारा व्यवस्थापनका लागि भौगोलिक क्षेत्र अनुसार घाँस विकास अभियान सञ्चालन गरिनेछ ।

४५. "गोठदेखि ओठसम्म स्वच्छ दुध" भन्ने नाराका साथ गुणस्तरीय दुध उत्पादनको लागि गाई भैंसी पालनलाई व्यवस्थित बनाउन "असल व्यवस्थापन अभ्यास" सम्बन्धी मापदण्डसहित कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. व्यावसायिक माछापालन कार्यक्रमको लागि खाली बाँझो जग्गा र प्राकृतिक ताल तलैयाको अधिकतम उपयोग गरिनेछ । पहाडी क्षेत्रको चिसोपानीमा रेन्वो ट्राउट माछा पालन, निजी स्तरमा मत्स्य ह्याचरी स्थापना र वायोफ्लक जस्ता नविनतम प्रविधि विस्तार गरिनेछ ।

४७. जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक रणनीति अवलम्वन गरिनेछ । कृषि तथा पशुपन्छी रोग र किराको रोकथामका लागि भेटेरिनरी तथा कृषि निरीक्षण, निगरानी, अन्वेषण, नियन्त्रण, उपचार र जैविक सुरक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

४८. एकल महिला, मुक्त हलिया, कमैया, कमलरी, दलित, अपाङ्गता भएका व्यक्ति, शहीद परिवार तथा द्वन्द्व प्रभावित वर्ग लक्षित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी मार्फत चक्लाबन्दी खेती गरी उत्पादनको प्रशोधन र बजारीकरण गरिनेछ ।

४९. "माटो जोगाऔं, उत्पादन बढाऔं" भन्ने नाराका साथ कृषि योग्य भूमिको माटोलाई स्वस्थ वनाई माटोको उर्वरा शक्ति बढाई बाँझो र उपयोगमा नरहेका जग्गालाई कृषि र पशुपालन कार्यका लागि उपयोगमा ल्याउन भू-उपयोग योजना तयार गरिनेछ ।

५०. भूमिहीन, सुकुम्वासी, मुक्त हलिया, कमैया, कमलरी र विपन्न तथा पिछडिएको वर्ग तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि नेपाल सरकार र सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । सुरक्षित आवासको लागि "मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम" लाई विस्तार गरिनेछ ।

५१. स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँगको सहकार्यमा छाडा सडक चौपायाको व्यवस्थापन गरिनेछ ।

**माननीय सभामुख,**

५२. उपयुक्त वन सम्बर्द्धन र संरक्षण प्रणाली अवलम्वन गरी दीगो वन व्यवस्थापन गरिनेछ। नेपाल सरकारसँगको सहकार्यमा संरक्षण क्षेत्र, चुरे क्षेत्र, राष्ट्रिय निकुञ्ज एवं मध्यवर्ती क्षेत्रको

संरक्षण र विकास कार्यक्रम सञ्चालन गरिनेछ । साल प्रजातिको स्थानीय आयतन तालिका तयार गरी लागु गरिनेछ।

५३. वनजन्य उद्योग प्रवर्द्धनका लागि काष्ठजन्य तथा जडिबुटीजन्य कच्चापदार्थ प्रदेशमै उत्पादन गर्न प्रोत्साहित गरिनेछ । नदी तटीय क्षेत्रमा बाँस, बेत, सिसम लगायतका प्रजातिको वृक्षारोपण गरी स्थानीय उद्योगका लागि कच्चा पदार्थ उत्पादन गरिनेछ ।

५४. निजी क्षेत्रसँगको सहकार्यमा झ्याउ लगायत बहुमूल्य जडिबुटीको उत्पादन, प्रशोधन, बजारीकरण र विदेश निकासीलाई जोड दिईनेछ । यार्सागुम्वा, सतुवाजस्ता बहुमूल्य जडिबुटीको खेती विस्तारका लागि टिस्यू कल्चर प्रयोगशाला स्थापना गरी विरुवा उत्पादनमा टेवा पुऱ्याइनेछ ।

५५. नेपाल सरकारसँगको सहकार्यमा जडिबुटी उत्पादन तथा प्रशोधन उद्योग स्थापना गरिनेछ । उच्च हिमाली क्षेत्रमा जडिबुटी सम्बन्धी सेवा दिने कार्यालय र प्रदेशभित्र काठको सहज आपूर्तिका लागि प्रदेश वन निगम स्थापना गरिनेछ।

५६. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्वन्धी प्रादेशिक संग्रहालयको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

५७. निजी क्षेत्रद्वारा वन्यजन्तु पालनका लागि आवश्यक नीति तर्जुमा गरिनेछ । मानव-वन्यजन्तु द्वन्द्वले श्रृजित समस्या समाधानका लागि आवश्यक कदम चालिने छ। कञ्चनपुर जिल्लाको हिरापुर फाँटामा वन्यजन्तुको लागि एम्वुलेन्स र वन्य जन्तु उद्धार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

५८. बसन्ता जैविक मार्ग लगायतका अतिक्रमित वन क्षेत्रको अभिलेख लिई अतिक्रमित क्षेत्र खाली गराई वन क्षेत्र कायम गरिनेछ । वन क्षेत्रको थप अतिक्रमण रोक्न नेपाल सरकार, स्थानीय तह र वन उपभोक्ता समितिसँग सहकार्य गरिनेछ ।

५९. "स्वच्छ वातावरण : स्वस्थ जीवन" भन्ने नाराका साथ जल, वायु, भूमि, ध्वनी जस्ता प्रदुषण नियन्त्रण र न्यूनीकरण गर्न जलवायु

परिवर्तन, वातावरण संरक्षण सम्बन्धी सचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । वन क्षेत्रमा परेको चापलाई न्यूनीकरण गरी वातावरण संरक्षण गर्न निजी वन, कृषि वन र शहरी वन विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

६०. प्रदेशभित्रका नदी, ताल तलैया, पोखरी, सिमसार लगायतका जलाधार क्षेत्र, बाढी तथा पहिरोको जोखिममा रहेका स्थान, निर्माण गरिएका तटबन्ध र पहिरो नियन्त्रण सम्बन्धी कार्यको भौगोलिक सूचना प्रणालीद्धारा नक्साङ्कन गरी जल प्रणालीमा केन्द्रित भू संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

६१. झ्याउ, खोटो, जङ्गली च्याउ लगायतका वनजन्य उत्पादनको क्षेत्रमा अध्ययन तथा अनुसन्धान शुरू गरिनेछ ।

६२. सुदूरपश्चिम प्रदेश पर्यटन गुरुयोजनाले निर्धारण गरेका प्राथमिकताका आधारमा निजी क्षेत्रसँग समेत सहकार्य गरी यस क्षेत्रका धार्मिक, साँस्कृतिक, ऐतिहासिक, प्राकृतिक, पर्यावरणीय र साहसिक पर्यटकीय क्षेत्रको विकास गरिनेछ। खप्तड क्षेत्रलाई आध्यात्मिक ध्यान केन्द्र र लालझाडी गाउँपालिकालाई राना साँस्कृतिक पर्यटकीय गाउँका रूपमा विकास गरिनेछ ।

६३. वृत्तचित्र, पर्यटकीय मार्ट, मेला महोत्सव, प्रदर्शनी, प्रचार प्रसार सामग्री, अन्तरप्रादेशिक समन्वय भ्रमणजस्ता कार्यक्रमका माध्यमबाट पर्यटकीय क्षेत्रको प्रचार प्रसार र अपि तथा साईपाल बेस क्याम्पसम्म साहसिक पदयात्राको प्रवर्द्धन गरिनेछ।

६४. चिसापानी-सुगरखाल-पण्डौन-खैराला-खानीडाँडा गुरिल्ला ट्रेलको सम्भाव्यता अध्ययन गरी पर्यटकीय पदमार्गको रूपमा विकास गरिनेछ ।

६५. “पाहुनाको सत्कार, सुदूरपश्चिमको संस्कार” भन्ने नाराका साथ पर्यटन उद्योगलाई सेवामूलक, व्यावसायिक, व्यवस्थित र प्रभावकारी बनाउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन

गरिनेछ । निजी क्षेत्रको सहभागितामा ग्रामीण पर्यटन विकास मार्फत रोजगारी र आयआर्जन अभिवृद्धिका लागि पहाडी जिल्लाका परम्परागत शैलीका घरलाई हेरिटेज होमस्टेका रूपमा विकास गरी पर्यटकीय सेवा विस्तार तथा स्थानीय वस्तुको उत्पादन र उपभोगमा जोड दिइनेछ ।

६६. प्रादेशिक उद्योग, वाणिज्य तथा आपूर्ति नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ। स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमूलक साना तथा घरेलु उद्योग व्यवसायले गरेको उत्पादन, निर्यात र सिर्जना गरेको रोजगारी समेतका आधारमा मौद्रिक प्रोत्साहन दिने नीति अवलम्बन गरिनेछ ।

६७. महिला, दलित, विपन्न, अपाङ्ग, सीमान्तकृत, अल्पसंख्यक तथा पिछडिएका वर्गको आयस्तरमा अभिबृद्धि गर्न व्यावसायिक, सीपमूलक र रोजगारमूलक तालिम सहित बीउ पूँजी र प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

६८. जनआन्दोलन र जनयुद्धका घाइते, अपाङ्ग, शहीद तथा वेपत्ता परिवारको आय आर्जन, जीवन निर्वाह एवं सृजनशील कार्यका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

६९. नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा "एक स्थानीय तह, एक औद्योगिक ग्राम" र "एक जिल्ला, एक विशिष्ट उद्योग" स्थापना गर्ने कार्यक्रमलाई विस्तार गरिनेछ ।

७०. वजार अनुगमन र गुणस्तर परीक्षण कार्यलाई थप प्रभावकारी र नियमित बनाई गुणस्तरीय उपभोग्य वस्तुको सर्वसुलभ आपूर्तिको सुनिश्चितता गरी उपभोक्ताको हककहित संरक्षण गरिनेछ।

७१. व्यास, साइपाल, अपि हिमाल र हिमाली गाउँपालिका तथा विपद्का समयमा खाद्य श्रृङ्खला अवरूद्ध भएका दुर्गम तथा हिमाली भेगमा आवश्यकताका आधारमा खाद्यान्न ढुवानीमा अनुदान दिइनेछ ।

७२. सम्वन्धित उद्योगसँगको सहकार्यमा चिनी, आटा, चामल, खानेतेल, काष्ठजन्य, फलाम, निर्माण र माइक्रो हाइड्रोजस्ता उद्योगलाई आवश्यक पर्ने जनशक्ति प्रदेशभित्रै उत्पादन गर्ने व्यवस्था मिलाईनेछ ।

७३. मझौला उद्योगको प्रशासन प्रदेशबाटै सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ । कृषि, पर्यटन, उर्जा लगायतका उद्योगमा लगानीकर्तालाई आकर्षित गर्न नेपाल सरकारसँग समन्वय गरी जग्गा, सडक र विद्युतको उपलव्धता, कर, शुल्क र कर्जामा सहुलियत एवं सुमधुर श्रमसम्बन्ध र औद्योगिक सुरक्षाको व्यवस्था गर्ने नीति लिइनेछ ।

७४. परम्परागत रुपमा सोनाहा र राजी जातीले खोलानालाबाट सुनको संकलन तथा राउटे जातिको काष्ठ सामग्री उत्पादन गर्ने सीपको अध्ययन तथा अभिलेखीकरण गरी त्यस्तो सीप र प्रविधिको संरक्षण र आधुनिकीकरण गर्न प्राविधिक सहयोग प्रदान गरिनेछ।

**माननीय सभामुख,**

७५. आवश्यक कानूनी तथा संरचनागत व्यवस्था गरी प्रदेश प्राविधिक विश्वविद्यालय सञ्चालन गरिनेछ।

७६. "प्रदेश निर्वाचन क्षेत्र, एक नमुना विद्यालय" कार्यक्रम अन्तर्गत क्रमिक रूपमा विद्यालय छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ। १ सय ५० सामुदायिक विद्यालयमा सूचना तथा प्रविधि प्रयोगशाला विस्तार गरिनेछ।

७७. "प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम" सञ्चालन गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गरिनेछ ।

७८. बौद्धिक अपाङ्गता भएका विद्यार्थीका लागि नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा सुविधा सम्पन्न आवासीय विशेष विद्यालयको भवन निर्माण कार्य सम्पन्न गरिनेछ । गैरसरकारी

संस्थासँगको साझेदारीमा अटिजम भएका बालबालिकाका लागि स्याहारसुसार केन्द्र स्थापना गरिनेछ ।

७९. सामुदायिक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्न र छात्राका लागि हाइजेनिक स्यानिटरी प्याड वितरण तथा सरसफाई व्यवस्थापन गर्न आवश्यक सहयोग गरिनेछ । स्थानीय तहमा सञ्चालित "विद्यालय नर्स कार्यक्रम" लाई विस्तार गर्दै किशोर किशोरी लक्षित यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।

८०. शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षकको पेशागत क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय तहलाई उपलव्ध गराउँदै आएको प्राविधिक सहयोगलाई विस्तार गरिनेछ ।

८१. गरीब, विपन्न, शहीद परिवार, अपाङ्ग, महिला, दलित, सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा, प्राविधिक शिक्षा र एम.वि.वि.एस. अध्ययन गर्न छात्रवृत्ति दिइनेछ ।

८२. नमुना क्याम्पसको रूपमा स्तरोन्नति गर्न छनौट भएका क्याम्पसको भौतिक पूर्वाधार निर्माण तथा अन्य सामुदायिक क्याम्पसको संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

८३. प्राविधिक शिक्षातर्फका सामुदायिक विद्यालयमा छात्रा छात्रावास, प्रयोगशाला तथा पुस्तकालय निर्माण कार्यक्रमलाई विस्तार गरिनेछ ।

८४. कक्षा १० को अन्तिम परीक्षाको व्यवस्थापन तथा सञ्चालन गर्न प्रदेश परीक्षा बोर्ड स्थापना गरिनेछ ।

८५. खेलकुद क्षेत्रको समग्र विकासका लागि प्रदेश खेलकुद नीति तर्जुमा गरी खेलकुद क्षेत्रको संस्थागत विकास गरिनेछ । कैलाली र कञ्चनपुरमा बहुउद्देश्यीय रंगशाला निर्माण र

स्तरोन्नती गरी रात्रिकालीन खेल समेत सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

८६. "स्वास्थ्यका लागि खेलकुद, सबैका लागि खेलकुद" अभियानका साथ मुख्यमन्त्री खेलकुद प्रतियोगितालाई विस्तार गरिनेछ । नेपाल सरकारसँगको सहकार्यमा फाप्ला अन्तरराष्ट्रिय क्रिकेट रंगशाला निर्माण गरिनेछ।

८७. प्रशिक्षणका माध्यमबाट खेलाडीको वृत्ति विकास, क्षमता अभिवृद्धि र उत्प्रेरणा वृद्धि गरी राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न "खेलकुद प्रशिक्षण प्रतिष्ठान" स्थापना गरिनेछ । राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी पदक प्राप्त गर्ने प्रदेशका खेलाडीलाई विशेष सम्मान सहित प्रोत्साहन गरिनेछ ।

८८. मुख्यमन्त्री स्वयंसेवक परिचालन कार्यक्रममार्फत शिक्षा, स्वास्थ्य, कृषि, पशु, इन्जिनियरिङ्ग क्षेत्रमा जनशक्तिको रिक्तता पूर्ति गरी यस क्षेत्रको सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ । स्वास्थ्य, सचेतना, सरसफाई, विपद् व्यवस्थापन र वातावरण संरक्षणका लागि युवा परिचालन गरिनेछ ।

८९. प्रदेशका भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासका लागि सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानको गठन तथा सञ्चालन गरिनेछ।

९०. सुदूरपश्चिम स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा ल्याइनेछ । सेती प्रादेशिक अस्पताललाई आधुनिक प्रविधियुक्त भौतिक पूर्वाधार सम्पन्न बनाइनेछ । गेटा मेडिकल कलेज सञ्चालनमा नेपाल सरकारसँग साझेदारी गरिनेछ ।

९१. "जनताको स्वास्थ्यको ख्याल, सुविधा सम्पन्न अस्पताल" अभियान सञ्चालनका लागि सबै जिल्ला अस्पताललाई साधनश्रोत सम्पन्न बनाई बिशेषज्ञ सहितको सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

९२. सबै अस्पतालमा टेलिमेडिसिन सेवा सञ्चालन गर्नुका साथै स्थानीय तहको साझेदारीमा प्राथमिक स्वास्थ्य केन्द्रमा समेत विस्तार गरिनेछ ।

९३. "खोज र खोप" को नीति अवलम्बन गरी कोभिड-१९ को जोखिमबाट बचाउन स्थानीय तह र नेपाल सरकारसँगको समन्वयमा सबैलाई कोभिड-१९ विरुद्धको खोप दिइनेछ । आवश्यकताका आधारमा सीमा नाकामा सञ्चालनमा रहेका हेल्थ डेस्क र होल्डीङ्ग सेन्टरलाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।

९४. कोरोना महामारीको समयमा अग्रपंक्तिमा रहेर उल्लेखनीय योगदान गर्ने स्वास्थ्यकर्मीलाई सम्मान गरिनेछ ।

९५. "हाम्रो प्रदेश, स्वस्थ प्रदेश" अभियान मार्फत क्षयरोग, कुष्ठरोग, कालाजार, डेङ्गु र मलेरिया जस्ता सरुवा रोगको निवारण तथा संस्थागत सुत्केरी अभियान र शुन्य कुपोषणका लागि कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय तहसँगको समन्वयमा गर्भवती महिलाको गर्भावस्थाको निःशुल्क परीक्षण गर्न "ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम" विस्तार गरिनेछ ।

९६. महिलाको पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र आङ खस्ने रोग तथा मुटु, कलेजो र मृगौला सम्बन्धी रोगको पहिचान एवं निदान गर्न सबै जिल्लामा विशेषज्ञसहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

९७. सेती, महाकाली र टिकापुर अस्पतालमा हेमोफिलिया, सिकलसेल एनिमिया, थालासेमिया रोगको उपचारको लागि निःशुल्क परीक्षण र औषधी उपलव्ध गरिनेछ ।

९८. बालसुधार गृहको स्तरोन्नति र विस्तार गरिनेछ । सुधारयोग्य शारीरिक विकृति भएका विपन्न बालबालिकाको पहिचान गरी निःशुल्क उपचार गरिनेछ।

९९. पिछडिएका, अति विपन्न, गरीब, असहाय, सीमान्तकृत, लोपोन्मुख लगायतका लक्षित वर्गलाई निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ।

१००. पचास शैय्याको प्रादेशिक आयुर्वेद चिकित्सालय सञ्चालनमा ल्याइनेछ । अन्य आयुर्वेद औषधालयमा ल्याब सेवा विस्तार गरिनेछ । स्वस्थ्य जीवनशैलीका लागि योग, पूर्वकर्म र पञ्चकर्मको कार्यक्रम सञ्चालन गरिनेछ ।

१०१. एम्बुलेन्स सेवा एकीकृत रुपमा सञ्चालन गर्न स्वास्थ्य निर्देशनालयमा प्रादेशिक प्रेषण केन्द्र सञ्चालनमा ल्याईनेछ। सवै स्वास्थ्य संस्थामा इलेक्ट्रोनिक हेल्थ रेकर्ड सिस्टम लागु गरिनेछ।

१०२. सेती, महाकाली र टिकापुर अस्पतालमा डायलाइसिस सेवा सञ्चालन गरिनेछ । डोटी जिल्ला अस्पतालमा डाइलाइसिस सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ।

१०३. सबै अस्पतालमा सामाजिक सुरक्षा इकाईको स्थापना गरी स्वास्थ्य बिमामा आवद्ध नभएका गरीब र असहाय बिरामीको लागि मापदण्ड बनाई बढीमा पाँच हजारसम्मको स्वास्थ्य उपचार निःशुल्क गरिनेछ ।

१०४. सबै अस्पतालमा सघन उपचार सेवा तथा मुख स्वास्थ्य सम्बन्धी सेवा विस्तार र सुदृढीकरण गरिनेछ।

१०५. "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" अभियान मार्फत मानसिक रोग, दीर्घ रोग तथा नसर्ने रोगको रोकथाम तथा न्यूनीकरणका लागि अभियान सञ्चालन गरिनेछ। स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउन "गाउँघर चिकित्सक अभियान" सञ्चालन गरिनेछ।

१०६. "एक्काइसौं शताब्दीको सन्देश, छुवाछुत माथि पूर्ण बन्देज" भन्ने नाराका साथ दलित सशक्तिकरण अभियान सञ्चालन गरिनेछ ।

१०७. महिलाको आर्थिक, सामाजिक र राजनैतिक सशक्तिकरणका लागि "द्वारिका देवी ठकुरानी महिला सशक्तिकरण र सीप विकास कार्यक्रम" सञ्चालन गरिनेछ ।

१०८. लक्षित वर्गका लागि औजार उपकरण हस्तान्तरण सहितको सीपमूलक तालिम सञ्चालन गरी उद्यमशीलताको विकास गरिनेछ । दलित, जनजाती तथा लोपोन्मुख समुदायको परम्परागत सीप तथा कलाको संरक्षण र प्रवर्द्धन मार्फत आयआर्जनसँग जोड्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०९. सीपमूलक तालिमको गुणस्तर अभिवृद्धि गर्न व्यावसायिक तथा सीप विकास तालिम केन्द्रको पूर्वाधार निर्माण, सुदृढीकरण तथा प्रशिक्षण क्षमता विकास गरिनेछ ।

११०. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, बालश्रम निवारण गुरु योजना र श्रम तथा रोजगार प्रर्वद्धन नीतिको तर्जुमा गरिनेछ । बाल विवाह, लैंगिक हिंसा, छाउपडी, बोक्सी, छुवाछुत लगायतका विभिन्न सामाजिक कुरीति एवं अन्धविश्वास विरुद्ध एकीकृत रूपमा सामाजिक रूपान्तरण अभियान सञ्चालन गरिनेछ।

१११. हिंसा पीडित महिलाको संरक्षण, कानूनी परामर्श, पारिवारिक पुनर्मिलन र पुनर्स्थापनाको लागि अल्पकालीन सेवा केन्द्रलाई थप व्यवस्थित बनाइनेछ। विभिन्न निकायसँगको साझेदारीमा सडकमा रहेका बेसहारा, असहाय नागरिक तथा बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गरी प्रदेशलाई "सहयोगापेक्षी सडक मानवमुक्त" बनाइनेछ ।

११२. पिछडिएका, अतिविपन्न, गरिब, असहाय, सीमान्तकृत, लोपोन्मुख र जोखिममा रहेका राजी, राउटे, बादी, मुक्त कमलरी, कमैया, हलियाको उत्थानका लागि आयआर्जन र पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ । लैंगिक तथा यौनिक

अल्पसंख्यकको मुलप्रवाहीकरण गरी मर्यादित जीवनयापनका लागि आवश्यक व्यवस्था गरिनेछ।

११३. ज्येष्ठ नागरिक र नयाँ पुस्ताका बिचमा अन्तरपुस्ता ज्ञान सीप हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय तहसँगको साझेदारीमा ज्येष्ठ नागरिक मिलन केन्द्र विस्तार गरिनेछ।

**माननीय सभामुख,**

११४. प्रदेशमा उपलब्ध जलाधार क्षेत्रको एकीकृत विकास तथा व्यवस्थापन मार्फत जलस्रोतको बहुआयामिक उपयोग गरी अधिकतम प्रतिफल लिन तथा प्रभावकारी व्यवस्थापन र नियमन गर्न सिंचाई ऐन, नियमावली तथा गुरूयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । सिंचाई क्षेत्रमा नयाँ प्रविधिको शुरूवात गर्न अनुसन्धान तथा विकास र संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । मझौला नदीको डाइभर्सन तथा बहुउद्देश्यीय योजना सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

११५. कृषि योग्य जमिनमा बाह्रै महिना सिंचाई सेवा उपलब्ध गराउन बहुउद्देश्यीय सतह सिंचाई, नयाँ प्रविधिमा आधारित सिंचाई र भूमिगत सिँचाई प्रणालीको बिस्तार गरिनेछ। पानीको श्रोतको अभावलाई दीर्घकालीन सम्बोधन गर्न लिफ्ट सिंचाई र पोखरी निर्माण कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

११६. सरोकारवाला विषयगत मन्त्रालयको समन्वयमा जग्गा चक्लाबन्दी र खेती चक्लाबन्दीका आधारमा व्यावसायिक कृषि सञ्चालन हुने क्षेत्रमा प्राथमिकता दिई सिंचाई लगायत अन्य आवश्यक पूर्वाधार निर्माण गरिनेछ । सिंचाई प्रणालीको निर्माण तथा व्यवस्थापनमा निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थालाई सहभागी गराइनेछ।

११७. तटबन्ध, वायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जलउत्पन्न प्रकोप नियन्त्रण गरिनेछ। जमिन

उकास हुने गरी प्रमुख नदीमा सिंचाई, नदी नियन्त्रण र खानेपानी सुधार सहितको एकीकृत पूर्वाधार निर्माण तथा संरक्षण कार्य अगाडि बढाइनेछ । ठुला नदीमा रिभर बिच पार्क तथा जल यातायातको सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

११८. ग्रामीण तथा दुर्गम क्षेत्रमा स्थानीय तहसँगको सहकार्यमा वैकल्पिक एवं नवीकरणीय ऊर्जासम्बन्धी कार्यक्रम सञ्चालन र विस्तार तथा लघु जलविद्युत आयोजनाको निर्माण र आवश्यक मर्मत संभार गरिनेछ । स्वच्छ तथा हरित उर्जाको खपत गर्ने विद्युतीय चुलो एवं विद्युतीय सवारी साधनको प्रवर्द्धन गरिनेछ।

११९. अध्ययनबाट सम्भाव्य देखिएका साना तथा मझौला जलविद्युत आयोजनाको निर्माण कार्य शुरू गरिनेछ । नेपाल विद्युत प्राधिकरण र स्थानीय तहसँगको साझेदारीमा ग्रामीण क्षेत्रमा राष्ट्रिय प्रसारण लाइन विस्तार गरिनेछ ।

१२०. प्रादेशिक खानेपानी तथा सरसफाई गुरूयोजना तयार गरी कार्यान्वयन गरिनेछ। "एक घर, एक धारा कार्यक्रम" अन्तर्गत आगामी ५ वर्षभित्र सबैलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवाको पहुँच सुनिश्चित गर्ने गरी खानेपानी तथा सरसफाईका कार्यक्रम सञ्चालन गरिनेछ । हालसम्म उपलब्ध भएको आधारभूत खानेपानी सेवाको गुणस्तर सुधार गरी मध्यम तथा उच्चस्तरको खानेपानी सेवा पुऱ्याउन सह लगानी, लागत साझेदारी तथा लागत पूरणको सिद्धान्त अनुरुप कार्यक्रम सञ्चालन गरिनेछ ।

१२१. खानेपानी तथा सरसफाई आयोजनाको सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भारको लागि उपभोक्ता समितिको संस्थागत क्षमता विकास गरिनेछ । कैलाली र कञ्चनपुर जिल्लाको चुरे फेदीमा रहेको भावर क्षेत्रका बस्तीमा खानेपानी आपूर्तिको विशेष व्यवस्था गरिनेछ ।

१२२. प्रदेशको स्थायी राजधानीमा भौतिक पूर्वाधार निर्माणका लागि नेपाल सरकारवाट हालसम्म प्रदेश सरकारको नाममा जग्गा प्राप्ति नभएकाले जग्गाको भोगाधिकार प्राप्तिका लागि आवश्यक पहल गरिनेछ ।

१२३. "मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम" अन्तर्गत नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा आर्थिक अवस्था कमजोर भएका दलित, बादी, राउटे, राजी, सोनाहा, मुक्त कमैया, कमलरी, हलिया एवं विपद्को उच्च जोखिममा रहेका नागरिकका लागि सुरक्षित आवास निर्माण गरिनेछ । सामुहिक र एकीकृत बस्ती विकास तथा आवास निर्माणमा निजी तथा गैर सरकारी क्षेत्रसँग साझेदारी गरिनेछ ।

१२४. हिमाली तथा पहाडी जिल्लाबाट बढ्दो बसाइसराईलाई न्यूनीकरण गर्न शहरोन्मुख गाउँमा "एकीकृत विकास परियोजना" मार्फत शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात लगायतका पूर्वाधार निर्माण गरिनेछ ।

१२५. प्रदेशस्तरीय सरकारी भवन डिजाइन तथा निर्माण गर्दा एकद्वार नीति अवलम्बन गरिनेछ। राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड दिइनेछ ।

१२६. प्रदेशभित्र रहेका अटोमेकानिकल वर्कसपलाई व्यवस्थित गर्न स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा अटोभिलेज स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२७. सडकको मापदण्डसहितको प्रादेशिक यातायात गुरु योजना तर्जुमा गरिनेछ। प्राथमिकताका आधारमा प्रदेश गौरवका, रणनीतिक महत्वका र आर्थिक केन्द्र जोड्ने सडकको निर्माण, सुदृढीकरण एवम् स्तरोन्नती र मर्मत गरिनेछ । नेपाल सरकारको सहयोगमा राष्ट्रिय तथा प्रादेशिक लोकमार्गबाट सबै स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण तथा सुधारको कार्य

प्रारम्भ गरिनेछ । ग्रामीण क्षेत्रमा सहज आवतजावतका लागि झोलुङ्गे पुलको निर्माण तथा मर्मत संभार गरिनेछ ।

१२८. प्रदेशमा मोनोरेल सञ्चालन गर्न तथा पूर्व-पश्चिम राजमार्ग अन्तर्गत चिसापानी-अत्तरिया-गड्डाचौकी खण्डलाई चार लेनको बनाउन सम्भाव्यता अध्ययन गरिनेछ।

१२९. सडक सम्पत्तिको दीगो मर्मत सम्भार प्रणालीको संस्थागत विकास गरिनेछ । सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक नीति तथा उपयुक्त प्रविधि प्रयोग गरिनेछ।

१३०. प्रदेश यातायात तथा सवारी व्यवस्थापन ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागु गरिनेछ ।

१३१. सवारी साधन र चालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाइजेसन र अर्काइभिङ गरिनेछ । यातायात व्यवस्थालाई सूचना प्रविधिमैत्री बनाई चालक अनुमतिपत्र, सवारी साधन दर्ता, नविकरण र राजश्व भुक्तानी लगायतका सेवाहरु अनलाइन प्रणालीबाट सञ्चालन गरिनेछ ।

१३२. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न सम्भाव्य स्थानमा निजी क्षेत्रको सहकार्यमा विद्युतीय चार्जिङ स्टेशन सहितको एकीकृत स्मार्ट रिफ्रेसमेन्ट एण्ड ट्रान्सफर सेन्टर निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१३३. सार्वजनिक यातायातलाई पहुँचयोग्य, सुरक्षित र भरपर्दो बनाउन ट्राफिक प्रहरीसँगको समन्वयमा सवारी साधनको नियमित चेकजाँच, सचेतना र अभिमुखीकरण सम्बन्धी कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।

**माननीय सभामुख,**

१३४. प्रदेशमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न प्रहरी संगठनका लागि भौतिक पूर्वाधार निर्माण र प्रहरी कर्मचारीको क्षमता

अभिवृद्धि गरिनेछ। समुदाय प्रहरी साझेदारी कार्यक्रम विस्तार गरिनेछ ।

१३५. प्रदेशस्थित सुरक्षा निकायबाट प्राप्त सूचनालाई व्यवस्थित गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सूचना समन्वय कक्षको स्थापना गरिनेछ । शान्ति सुरक्षा, अपराध अनुसन्धान, सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनका लागि प्रदेशका प्रमुख राजमार्गमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१३६. जातीय विभेद, सामाजिक कुरीति, यौन तथा घरेलु हिंसा, मानव वेचविखन र विद्युतीय अपराधविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३७. कारागारलाई सुधार गृहको रूपमा विकास गर्न कैदी बन्दीका लागि आधारभुत सुविधा स्तरोन्नति गर्दै समय सापेक्ष सीप तथा उद्यम विकास लगायत खेलकुद, सङ्गीत, ध्यान, योग जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ । केही कारागारमा वायोग्याँस प्लान्ट र पुस्तकालय निर्माण गरिनेछ।

१३८. लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना कार्यान्वयन गर्न समुदाय, विद्यालय, स्थानीय तह, गैर सरकारी संस्थासमेतको सहभागितामा लागु औषध विरूद्धको सचेतना अभियान सञ्चालन, लागु औषधको उत्पादन, बिक्रीवितरण, ओसारपसार तथा सेवनको नियन्त्रण र लागु औषध दुर्व्यशनीको पुनर्स्थापना सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१३९. बेचविखनमा परेका तथा अन्य यातना पीडितलाई उद्धार गरी पुनर्स्थापना गर्न गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ।

१४०. कानून निर्माण प्रक्रियालाई सहभागितामूलक बनाउन, अन्तरतह समन्वय र सहकार्य गर्न, कानून सम्बन्धी अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गर्न कानून तर्जुमा इकाई स्थापना

गरिनेछ। स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धिमा सहयोग गरिनेछ।

१४१. विपद् व्यवस्थापनका लागि संस्थागत र व्यवस्थापकीय क्षमता अभिवृद्धिका कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै प्रमुख नदी तथा अति जोखिम क्षेत्रमा पूर्वसूचना प्रणाली स्थापना गरिनेछ । विपद्को कारणले ज्यान जोखिममा परेका नागरिकलाई प्रदान गरिने आपत्कालीन हवाई उद्धार सेवालाई निरन्तरता दिईनेछ।

१४२. सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थापन, प्रशोधन, भण्डारण र उपयोग गर्न सूचना प्रविधियुक्त सञ्चार ग्रामको सम्भाव्यता अध्ययन गरिनेछ ।

१४३. केबल वितरण इजाजत, अनलाईन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, चलचित्र निर्माण तथा हल सञ्चालनको अनुमति र नियमन कार्य शुरू गरिनेछ ।

१४४. आम सञ्चार र पत्रकारिता क्षेत्रको विकास एवं संस्थागत क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

**माननीय सभामुख,**

१४५. मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न पाँचौ राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१४६. भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीतिलाई कडाइकासाथ लागु गर्न भ्रष्टाचार निवारण कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१४७. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत संरचना तयार गरी सञ्चालनमा ल्याइनेछ ।

१४८. क्षमता अभिबृद्धि तथा प्रोत्साहनमूलक कार्यक्रममार्फत प्रदेशमा कार्यरत कर्मचारीको कार्यदक्षता अभिवृद्धि गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाइनेछ।

१४९. निजामती कर्मचारी सन्तति आवासीय विद्यालय र शहीद स्मृति आवासीय विद्यालयको भौतिक पूर्वाधार निर्माण, दक्ष शिक्षकको व्यवस्था एवं उपयुक्त शिक्षण सिकाई वातावरण तयार गरी शैक्षिक गुणस्तर अभिबृद्धि गरिनेछ।

१५०. नेपाल सरकार तथा स्थानीय तहसँगको साझेदारीमा नवप्रवर्तन साझेदारी कार्यक्रमलाई विस्तार गरिनेछ ।

१५१. विकास निर्माण एवं सेवा प्रवाहको एकीकृत विद्युतीय अभिलेखीकरण प्रणालीको विकास गरी तथ्याङ्क अद्यावधिक गरिनेछ।

१५२. प्रदेश लोक सेवा आयोगबाट प्रदेश सेवा र स्थानीय सेवाका रिक्त पदमा पदपूर्ति गर्दै लगिनेछ ।

१५३. प्रदेश सभा, विषयगत समिति र सचिवालयका लागि आवश्यक भौतिक संरचना निर्माण गरी काम कारवाहीलाई प्रविधिमैत्री बनाइनेछ । प्रदेश सभा सदस्यका लागि अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

**माननीय सभामुख,**

**माननीय सदस्यहरु,**

१५४. हालसम्म हासिल भएका राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धीलाई संस्थागत गर्दै आगामी विकासको क्रमलाई थप गतिशील बनाउने, प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनका लागि आधार तयार गर्ने, सुशासनको प्रत्याभूति हुने गरी प्रभावकारी र नतिजामुखी सेवा प्रवाह तथा विकास निर्माण गर्दै राष्ट्रिय र प्रादेशिक हित, गौरव, स्वाभिमान र सम्मान अभिबृद्धि हुने दृढ विश्वासका साथ यो नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

१५५. प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट समाजवाद उन्मुख अर्थतन्त्रको आधार तयार हुने र दीगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि भई उपलव्ध प्रतिफलको

समन्यायिक वितरणमार्फत "आत्मनिर्भर उन्मुख समृद्ध सुदूरपश्चिम प्रदेश" निर्माणमा योगदान पुग्ने विश्वास लिएको छु।

१५६. अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सुझाव, समन्वय र सहयोग गर्नुहुने र प्रदेशको समग्र विकासमा योगदान पुऱ्याउनु हुने प्रदेश सभाका माननीय सदस्य, राजनीतिक दल, स्थानीय तहका पदाधिकारी, बुद्धिजीवी, राष्ट्रसेवक, निजी क्षेत्र, गैरसरकारी संघसंस्था, श्रमिक वर्ग, नागरिक समाज, आम सञ्चारजगत लगायत सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीप्रति हार्दिक आभार व्यक्त गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सदाझैं सरकारलाई सबैबाट पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु।

धन्यवाद !

२०७९ साल जेठ २२ गते आइतवार।